आज मिति २०८० साल कार्तिक १० गतेका दिन अछाम बडुवाली क्याम्पस मंगलसेन अछामका सञ्चालक समितिका अध्यक्ष श्री पदमबहादुर बोहराको अध्यक्षतामा अछाम जिल्ला तुर्माखाँद गाउँपालिकाको सुन्दर एवं पर्यटकीय तथा धार्मिक स्थल तितौडाको मेलामा आन्तरिक पर्यटन प्रवर्द्धन र संस्कृतिको संरक्षण गर्ने मूल नारा सहित समुदायसँग अन्तरसंवाद कार्यक्रमको तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारका निर्णय गरिए।

तपसिल

१. क्याम्पस संचालक समिति अध्यक्ष श्री पदमबहादुर बोहरा [signature]
२. सहायक क्याम्पस प्रमुख श्री युवककुमार शाही [signature]
३. शिक्षा विभाग प्रमुख श्री मानबहादुर बुढा [signature]
४. आंशिक प्राध्यापक श्री शिवराज दुंगाना [signature]
५. शिक्षण सहायक श्री धनकुमार के.सी. [signature]
६. लेखा अधिकृत श्री प्रेमप्रसाद दुंगाना [signature]
७. प्रशासकीय प्रमुख श्री उदयराज दुंगाना
८. कम्प्युटर अपरेटर श्री भरत के.सी. [signature]
९. संचालक समिति सदस्य श्री राजेशबाबु बोगटी [signature]
१०. " " " श्री पुष्पराज भण्डारी [signature]
११. " " " श्री भीमबहादुर रावल [signature]
१२. " " " श्री प्रेमप्रसाद भाट [signature]
१३. तुर्माखाँद गा.पा. प्रमुख श्री डम्बर विसी [signature]
१४. " " " उपप्रमुख श्री विमला शाही [signature]
१५. " " वडाध्यक्ष श्री उदयराज उपाध्याय [signature]
१६. जिल्ला समन्वय समिति सदस्य श्री द्वारिका उपाध्याय [signature]
१७. वडाध्यक्ष श्री भीम ब० चलाउने [signature]
१८. ढकारी गा.पा. प्रमुख श्री प्रकाश साउँद [signature]
१९. अभिभावक श्री पदमराज अधिकारी [signature]
२०. " श्री [illegible]

## १. परिचय :

नेपालमा वि.सं. २०४८ सालको राजनैतिक परिवर्तनसँगै अछाम जिल्लाको सदरमुकाम मंगलसेनमा यस जिल्लाका समाजसेवी, बुद्धिजिवी, राजनितिज्ञ, शिक्षक तथा अभिभावकज्यूहरुको सक्रिय प्रयासबाट यस अछाम बहुमुखी क्याम्पसको स्थापना २०४८ साल पौष ४ गते भएको हो । वि.सं. २०४८ सालमा त्रिविबाट व्यवस्थापन संकायको सम्बन्धन प्राप्त गरेको थियो । जसमा आई. कम प्रथम र द्वितिय वर्षका कक्षाहरु सञ्चालित थिए । शैक्षिक २०६२/०६३ देखि व्यस्थापन संकाय अन्तर्गत बिबिएस का कक्षाहरु सञ्चालनमा आए भने ०६३/०६४ देखि स्नातक तह विएड का कक्षाहरु सञ्चालन भए । त्यस्तै ०६४/०६५ मा त्रिविबाट प्रविणता प्रमाणपत्र तह फेजआउट भएपछि त्यसै शैक्षिक सत्रबाट उमावि परिषदबाट स्वीकृति लिई कक्षा ११ र १२ मा मानविकी, शिक्षा तथा व्यवस्थापन समूहका कक्षाहरु सञ्चालन भइरहेका छन् । शैक्षिक सत्र २०७५/०७६ देखि स्नातकोत्तर तह एमएड अन्तर्गत इपिएम र नेपाली विषयमा सेमेष्टर प्रणाली अनुसार कक्षा सञ्चालन भईरहेका छन् भने २०७८/०७९ देखि व्यवस्थापन संकाय अर्न्तगत एमविएसका कक्षाहरु सञ्चालित छन् । यस अछाम बहुमुखी क्याम्पसमा हाल १२ जना पूर्णकालिन र १० जना आंसिक गरेर २२ जना प्राध्यापक एवं ८ जना कर्मचारी कार्यरत रहेका छन् भने ९१० जना विद्यार्थीहरु हाल अध्ययनरत रहेका छन् ।

यस अछाम बहुमुखी क्याम्पसलाई सूचना प्रविधि अनुकुल हुने गरी सफ्टवेयर मार्फत लेखा, परीक्षा र पुस्तकालयको सञ्चालन व्यवस्थापन गरिएको, प्रोजेक्टरको माध्यमबाट अध्ययन अध्यापन गराउने कार्य हरेक कक्षा कोठाहरुमा प्रोजेक्टर जडान गरि सकिएको, क्याम्पसको वेवसाइट निर्माण, विधुतिय हाजिरी प्रणाली जडान र विद्यार्थीहरुलाई सूचनाको पहुँचमा वृद्धि गर्नको लागि डिजिटल सूचना बोर्ड र समाजिक सञ्जाल (फेवसबुक) सञ्चालनमा ल्याएको व्यहोरा अवगत गर्दछु ।

### दुरदृष्टि

राष्ट्रिय, अन्तराष्ट्रिय, अल्पकालिन र दीर्घकालिन उच्च दक्ष जनशक्तिको आवश्यकता पुरा गर्न सक्षम सीपयुक्त योग्य नै तिकवान, चरित्रवान जनशक्ति उत्पादन गर्नको लागि रोजगारमूलक गुणस्तरिय र व्यवहारिक शिक्षा प्रदान गर्ने ।

### अभियान

समाजका आर्थिक सामाजिक शैक्षिक दृष्टीले पछाडी परेकावर्ग समुदायको पहुँच अभिवृद्धी गरी सर्वसुलभ शुल्कमा गुणस्तरिय उच्च शिक्षा प्रदान गर्ने ।

### लक्ष्य

यस जिल्लामा सर्वसुलभ, व्यहारिक रोजगारमुलक एवं गुणस्तर रिय उच्च शिक्षा हासिल गराउने दीर्घकालिन लक्ष्य निर्धारण गरिएको छ ।

१. राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकता अनुरुपको प्रतिस्पर्धी जनशक्तिको तयार गर्ने ।

२. आर्थिक रुपले पछाडी परेका समुदायका बालबालिकाहरुको उच्च शिक्षामा पहुँच वृद्धि गर्ने ।

३. वर्तमान विश्वव्यापी परिवेश अनुरुपको प्रतिस्पर्धी जनशत्तिको विकास गर्ने ।

४. स्वतन्त्र र स्वाभिमान नागरिक स्वालम्बी र व्यहारिक ज्ञानसहितको दक्ष जनशक्ति उत्पादन गर्ने ।

५. जनसहभागिता मुलक शिक्षाको विकास गर्ने ।

६. सामाजिक सद्भाव भाइचारा एवं विश्वबन्धुत्वको विकासमा टेवा पुर्‍याउने ।

**क्याम्पसबाट प्राप्त हुने सुविधाहरू**

१) आफ्नै आकर्षक पर्याप्त भौतिक सहितको शैक्षिक वातावरण भएको ।

२) खेल मैदानको उचित व्वस्था भएको ।

३) सुरक्षित र सवारी साधन पार्किङको व्यवस्था भएको । ८ पर्याप्त शैक्षिक सामग्री सहित पुस्तकालयको

४) आरामदायी र शान्त अध्ययन कक्षाकोठा भएको ।

५) वाईफाई सहित मल्टिमिडिया मार्फत अध्यापन भइरहेको ।

९) सफासुग्घर शौचालयको र खानेपानीको व्यवस्था भएको ।

**क्याम्पसका विशेष विशेषताहरू**

१) समुदायद्वारा सञ्चालित गैर नाफामुलक शिक्षण संस्था ।

२) अछाम जिल्लाको सदरमुकाममा अवस्थितलामो अनुभव प्राप्त प्राध्यापकद्धारा अध्यापन गराइने ।

३) सस्तो सुलभ शुल्कमा अध्यापन गराइने ।

४) समाजका मध्यम आर्थिक विपन्न समुदायको अध्यनका लागि अनुकुल वातावरण भएको ।

५) दलित, जेहेन्दार, गरिब, अपाङ्ग विद्यार्थीका लागि विशेष छात्रवृतिको व्यवस्था भएको ।

६) प्रत्येक वर्ष शैक्षिक भ्रमणको व्यवस्था भएको । आगन्तुक विद्यार्थीलाई स्वागत र उत्तीर्ण विद्यार्थीलाई विदाई गर्ने संस्कार भएको ।

७) योगशिक्षा, नैतिकशिक्षा तथा आध्यात्मिक शिक्षाको व्यवस्था भएको ।

८) सेमिनार हलको व्यवस्था भएको ।

९) डिजिटल सुचना बोर्डको व्यवस्था भएको ।

यस अछाम बहुमुखी क्याम्पसमा २०७२ साल देखि एलओआइ पास भएर सञ्चालनमा रहेको क्यूएए, कार्यक्रमको आउटरिच कार्यक्रम अर्न्तगत आन्तरिक पर्यटन प्रवर्द्धन र संस्कृतकिो संरक्षण विषयक समुदायसँग अन्तरसंवाद कार्यक्रम अछाम जिल्लाको सुन्दर पर्यटकीय क्षेत्र तितौडामा सम्पन्न गर्न गइरहेका छौं । अछामका प्रमुख पर्यटकीय क्षेत्र खप्तड, रामारोशन, वैद्यनाथ, बान्नीगढी, पञ्चदेवल तितौडा, सुरैकोट लगायतका स्थलको भ्रमण गरी आन्तरिक पर्यटन पर्वद्धन र संस्कृतिको संरक्षण गर्नु हाम्रो दायित्व हो ।

**तुर्माखाँद गाउँपालिका अर्न्तगत पर्ने तितौडा धार्मिक र पर्यटकीय स्थानको परिचयः**

अछामको पुर्वी खण्डमा स्थित त्रिपुराको निवासस्थलका रुपमा प्रसिद्ध भएको यस भुभाग लाइ स्थानिय भाषामा तितौडा भनिए पनि स्कन्दपुराणमा त्रिपुरा गिरी भनेर सम्वोधन गरिएको छ । तितौडा नै त्रिपुरा गिरी हो भनेर निस्चित गर्न स्कन्द पुराणको मानस खण्डको अध्यान गर्नु पर्ने हुन्छ तिब्बत स्थित कैलाश पर्वतलाइ शिर र भारत स्थित अयोध्या एवं नैमिषारण्यलाइ दुइ पाउ मानि यस भित्रको भु खण्डलाइ मानस खण्ड भन्नुका साथै यस मानस खण्ड लाइ शिव स्वरुपमा चित्रण गर्नुका साथै शिव स्वरुपका अन्य अवयवहरुको पनि वर्णन गर्ने काम स्कन्द पुराणले गरेको छ, शिवस्वरुप मानस खण्डको चर्चा गर्दा स्कन्दपुराणमा उल्लेख भएका र हालसम्म सोही रुपमा पर्योगमा रहेका स्थानहरुको अवस्थित धार्मिक महत्व प्रस्तुती वर्तमान प्रचलन आदी लाग अध्यान गर्दा तितौडा नै त्रिपुरागिरि भएको प्रमाणीत हुन्छ । स्कन्दपुराणले त्रिपुरागिरि देवि त्रिपुराको निवास स्थल हो भन्य तथ्यलाइ प्रमाणित गर्द छ भने तितौडाकै निकटवर्ति अछाम र बाजुरा जिल्ला स्थित बैजनाथ बडिमालिमा मल्लगिरि कैलाश गंगा आदिको वर्णन गर्ने क्रममा नैं त्रिपुरा गिरिको पनि वर्णन गरिएको छ । यसरी तितौडा जगन्माता देवि त्रिपुराको दिव्यस्थल भएको प्रस्ट हुन्छ । यसै ठाउमा धौलपुरो नामक देवताको पनि पुजा स्थल छ । स्थानिय भाषामा धौलपुरो भनिए पनि देवलपुर वा देवस्थलमा रक्षक भएर रहने शिवांश स्वरुप क्षेत्रपाल नै धौलपुरो हो भनिन्न छ । कसै ले क्षेत्रपाल देवता लाइ भैरव पनि मान्दछन् ।

स्कन्दपुराण अनुसार त्रिपुरागिरिमा देवताद्धारा पुजित त्रिपुराको निवास भएको कुरा अगाडिनै उल्लेख छ । यहाँ मानवद्धारा देवि त्रिपुराको आराधाना श्रीगणेश भने पछी मात्र भएको मानिन्छ । यस क्षेत्रमा मानव बसोवास पनि पछी भएकाले यसो भएको देखिन्छ । यस सन्धर्वमा भारतको कन्नौजबाट आई अछामको घोडासैनमा बसोवास गर्ने जैमिनि गोत्रिय महादेव जोशिका १७ पुस्ताका सन्तती जयपती उपाध्यायलाई माजी गाउ स्थित दह भन्ने ठाउमा भैसिखर्क गोठान मा रहेका वेला राति सपना भई भोलि आश्विन शुक्ल चतुर्दशी हो दह बण्डको पुर्विस्थानमा दिव्य शिला राखेकी छु सो सिला लाई मेरै स्वरुप मानी पूजा गरी चतुर्दशिको रातभर जाग्राम बस्नु भन्ने दुवि त्रिपुराको निर्देशन भएछ तेस पस्चात जयपती उपाध्यायले पनि निर्देशित स्थानमा गएर हेर्दा सालको वालमा राखिएको एउटा दिव्य शिला प्राप्त गरे त्यो दह भन्ने ठाउमा पानिको तलाउ छ । र सोही ठाउमा चतुर्दशिको रातभर जाग्राम बसी देवि त्रिपुराको श्रीगणेश गरे ।

त्रिपुरागिरि तितौडामा त्रिपुराको पुजा वैदिक विधिले गरिन्छ । त्रिपुराको पुजा गर्दा जवा उपाध्यायलाई प्राप्त दिव्य शिलामा गरिन्छ । मुख्यतः माता त्रिपुराको पुजा आश्विन शुक्ल चतुर्दशी कोजाग्रत पुर्णिमा र जनैपुर्णिमाको चतुर्दशि श्रवण शुक्ल चतुर्दशी का दिन सात्तिक ढंगले हुन्छ । रुद्धाभिषेक बेदपाठ सप्तशती चण्डी पाठ गर्ने सामर्थानुसार पन्चोपचार षोडशोपचारले पुजा गर्ने सुन चादि तामा फलामका पुजा सामाग्री र देविका गहना आयुधहरु चढाउने गरिन्छ । यहा सन्तानको वर, माग्नेले घाट सुनको मुर्ती विध्याको वर माग्नेले घाट सुनको मुर्ती विभिन्न धातुका कापी कलम मौरीको वर माग्नेले तामाको मौरी तथा मौरीघार अन्नको वर माग्नेले सुन चादिको धानको वाला लगाएत भेटी र फलफुल आदि वस्तुहरु देविलाइ अर्पित गर्ने प्रचलन रहेको छ । त्रिपुरालाई गाई भैशिको दुध चढाउने कार्य मुख्यरुपमा हुन्छ । र त्यसलाई दुधको अगल चढाउने भनिन्छ । देविलाई चढाएर शेष रहेको दुधलाई खिर पकाएर प्रसादका रुपमा वितरण गर्ने चलन छ । आश्विन शुक्ल चतुर्दशिमा मेला लाग्ने हुनाले यस क्षेत्रमा तितौंड्या चतुर्दशी भनिन्छ । हाल यस देविस्थलका पुजारी जयपती उपाध्यायकै सन्तान छन् ।

## तितौडा क्षेत्रका धार्मिक र पर्यटकीय स्थानहरु

- चक्रेश्वरी देवी घोडासैन
- वागेश्वरी देवी नाडा
- भगवान पाँच पाण्डव द्वारा निर्मित लेवल घोडासैन
- बगलदेउ शिव गुफा तोषी
- भगवान शिद्धको पणा पोडासैन
- भगवान शिद्धको चुला घोडासैन
- वण्डाली देवता घोडासैन
- धामपितर देवता घोडासैन
- देउती देवता मन्दिर घोडासैन
- भगवान पाँच पाण्डव द्वारा निर्मित लेवल धमाली
- नौ खम्म तोली
- मस्टो र माटे देवता गायना

## सम्पन्न मुख्य कामहरु

- वि.सं १९३५ मा दाणिम पोखरा भन्ने स्थानमा मन्दिर स्थापना ।
- वि.सं १९४० मा हालको तितौडामा पुजास्थल स्थापना ।
- वि.सं २०३८ सालमा त्रिपुरासुन्दरी भगवतीको मन्दिर निर्माण ।
- वि.सं २०७३ सालमा पर्यटन कार्यालयबाट मन्दिर निर्माण ।
- तुर्माखाँद गाउँपालिकाले पहुँच मार्गको निर्माण थालनी ।

धार्मिक तथा पर्यटकीय स्थलको अध्ययन र अवलोन गर्न सकिने ठूलो सम्भावना रहेकोले स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको लगानीमा स्थानीयवासीको सहयोगमा निम्न कार्य गर्नुपर्ने देखिन्छ ।

- तितौडा क्षेत्रको धार्मिक एतिहासिकता र पर्यटकीय स्थानको व्यापक प्रचारप्रचार ।
- तितौडा क्षेत्रको धार्मिक, एतिहासिक र पर्यटकीय विकास र संरक्षण ।
- पर्यटकीय क्षेत्रमा आवश्यक न्यूनतम भौतिक संरचना निर्माण ।
- बासस्थल, सुरक्षा, टेलिफोन र इन्टरनेट र स्वास्थ्य उपचार केन्द्रको सुनिश्चितता ।
- धार्मिक र पर्यटकीय काममा स्थानीयको समन्वय र सहयोग ।
- स्थानीय सांस्कृतिक नाच, खेल वा भेषभुषाको प्रर्दशनी ।
- स्थानीय खाद्यन्न र सामग्रीको उत्पादन र बजारीकरण ।